# नीति जेके-आर- विद्यार्थी व्यवहार र अनुशासन प्रक्रियाहरू

**परिचय**

स्कूल बोर्ड नीति जेके - विद्यार्थी अनुशासन कार्यान्वयन गर्नका लागि निम्नलिखित विद्यार्थी व्यवहार र अनुशासन प्रक्रियाहरू विकसित गरिएकाछन्। यी प्रक्रियाहरू नीति जेकेमा रेखाङ्कित साधारण उद्देश्यहरू र सिद्धान्तहरू अनुरूप हुने गरी साथसाथै फेडेरल र राज्य कानूनहरू, र स्थानीय अध्यादेशहरूसँग अनुरूप हुने गरी निर्माण गरिएका छन्।

खण्ड एक : स्कूल अनुशासन प्रशासन

१-१ अनुशासनात्मक अभ्यासहरूका विषेषताहरू
क सफल अनुशासनात्मक अभ्यासहरूका निम्नलिखित विशेषताहरू हुन्छन् :
१. तिनीहरू, स्पष्ट, युक्तिसङ्गत र समयानुकूल हुन्छन्।
२. तिनीहरूका तार्किक, स्पष्ट, क्रमागत र उमेर-उपयुक्त परिणामहरू हुन्छन्।
३. तिनीहरूमा विभिन्न किसिमका निषेध र हस्तक्षेप विधिहरू संलग्न हुन्छन्।
४. तिनीहरूले महत्त्वपूर्ण आमाबाबु/अभिभावक र विद्यार्थी सहभागिताका लागि अवसर प्रदान गर्दछन्।
५. तिनीहरूले अन्तरदृष्टि र संवेदनशीलता सहित विद्यार्थीहरूबीचका व्यक्तिगत भिन्नताहरूलाई प्रतिक्रिया दिन्छन्।
६. तिनीहरूले विद्यार्थीहरूलाई शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्दछन्।
७. तिनीहरूले दुर्व्यवहारमा संलग्न विद्यार्थीका आवश्यकताहरू, दुर्व्यवहारबाट पीढितका आवश्यकताहरू, र समग्र स्कूल समुदायका आवश्यकताहरू सम्बोधन गर्दछन्।

१-२ स्टाफ तालिम
क. हरेक स्कूलमा अनुशासनात्मक कार्यक्रम प्रभावकारी भएको र सान्दर्भिक नीतिहरू र प्रक्रियाहरू समान रूपमा लागू गरिएको सुनिश्चित गर्न आवश्यकता अनुरूप स्टाफ तालिम प्रदान गरिनेछ।

१-३ गैर विभेद
क. यो नीति कार्यान्वयन गर्न जिम्मेवार स्कूल डिस्ट्रिक्ट स्टाफले नश्लियता, जात, रङ, धर्म, उत्पत्ति राष्ट्र, पितापुर्खा, लिङ्ग, यौनिक झुकाव, उमेर वा असक्ततामा आधारित कुनै पनि विभेद नगरी सो गर्नेछन्।
ख. असक्तता भएका विद्यार्थीहरूका लागि अनुशासन विद्यार्थीको व्यक्तिकृत शैक्षिक योजना (आइइपि), कुनै व्यवहार हस्तक्षेप योजना, ५०४ योजना, र बोर्ड नीति जेकेएफ (असक्तता भएका विद्यार्थीहरूको अनुशासन) अनुसार हुनेछ।

१-४ स्कूल अनुशासनमा जातिय विभेद र अन्य संरक्षित वर्ग विभेदको सम्बोधन
क. स्कूल अनुशासनमा कुनै पनि किसिमका जातिय विभेदहरू अन्त्य गर्ने प्रयाशहरू गरिनेछ। स्टाफ सदस्यहरूलाई जातीय र नश्लीय वर्गका वा अन्य संरक्षित वर्गका त्यस्ता विद्यार्थीहरूमा उनीहरूको क्रियाको प्रभाव अनुगमन गर्नका लागि विशिष्ट रूपमा चार्ज गरिएको हुन्छ जसलाई निलम्बित, निष्कासित, वा कानून कार्यान्वयनका लागि सिफारिस गरिएका विद्यार्थीहरू बीच ऐतिहासिक रूपमा अति-प्रतिनित्व गराइएको हुन्छ।

१-५ अनुशासनात्मक कार्बाही हुने विद्यार्थी व्यवहार
क. कक्षाकोठामा पाठ्यक्रमीय वा अतिरिक्त क्रियाकलापका बेला, स्कूल बिल्डिङमा, स्कूल परिसरमा, वा स्कूल वाहनमा देखिएका विद्यार्थी व्यवहार अनुशासनात्मक कार्बाहीमा पर्न सक्छन् यदि त्यस्तो व्यवहार स्कूलको वातावरण र अन्य विद्यार्थी वा स्कूल कर्मचारीको कल्याण र सुरक्षालाई हानी पुऱ्याउने किसिमको हुन्छ।

१-६ स्कूलका आफ्नै नीतिहरू
क. यस नीतिसँग समरूप रहेसम्म स्कूलहरूले आफ्नै स्कूल नियमहरू र व्यवहार निर्देशनहरू अँगाल्न सक्नेछन्। कुनै पनि त्यस्ता नियमहरू वा निर्देशकीका कोडहरू सुपरिन्टेन्डेन्ट वा निर्धारित डिस्ट्रिक्ट अफिसियलद्वारा स्वीकृत गरिनेछ र सो यस नीतिको खण्ड १-६ समरूप हुने गरी कार्यान्वयन गर्नु अगाडि विद्यार्थीहरू र उनीहरूका आमाबाबु/अभिभावकहरूलाई प्रदान गरिने छ।

१-७ वितरण
क. यो नीति डिस्ट्रिक्टले डिस्ट्रिक्टको वेबसाइट र प्रत्येक स्कूलमा अँग्रेजी र स्प्यानिसमा राख्नेछ। यस नीति र स्कूल नियमहरूका प्रतिहरू अनुरोध गरिएको खण्डमा प्रत्येक विद्यार्थी र आमाबाबु/अभिभावकलाई प्रदान गरिनेछ र अनुरोध गरिएको खण्डमा आमाबाबु/अभिभावकले बुझ्ने भाषामा अनुवाद गराइन सक्नेछ।
ख. प्रत्येक स्कूलहरूलाई आफ्ना विद्यार्थीहरूलाई यस नीतिको विषयवस्तु र अन्य स्कूल नियमहरू र आफूले अँगाल्ने व्यवहार निर्देशिकाबारे तालिम दिन प्रोत्साहित गरिन्छ।

खण्ड दुई : हस्तक्षेपहरू र परिणामहरू

२-१ साधारण

क. प्रभावकारी स्कूल अनुशासन नीतिहरूले त्यस्ता अनुशासनात्मक प्रतिक्रियाहरूलाई प्रबर्द्धन गर्दछन् जसले सम्भव भएको हदसम्म विद्यार्थीको शिक्षा अवरोध गर्नबाट रोक्छन्। राज्य कानून, स्थानीय अध्यादेशहरू, र बाध्यकारी रिपोर्टिङ कानून समरूप रही स्कूलहरूले विद्यालय बाहिरका निलम्बनहरू, निष्कासनका लागि सिफारिसहरू, र कानून कार्यान्वयनका लागि रेफरलहरूको प्रयोग न्युनिकरण गर्नु पर्दछ।

२-२ युक्तिसङ्गत परिणामहरू

क. परिणामहरू युक्तिसङ्गत, निष्पक्ष, उमेर-सापेक्ष र विद्यार्थीको दुर्व्यवहारसँग मिल्ने हुनुपर्दछ र पीडित र/वा समुदायमा त्यसले पार्ने प्रभाव पनि विचार गरिनुपर्दछ। अर्थपूर्ण निर्देशन र मार्गदर्शनसँग जोडिएका परिणामहरू (सुधारात्मक रायसुझाव र पुनःशिक्षण) ले विद्यार्थीहरूलाई उनीहरूको गलतीबाट सिक्न र स्कूल समुदायलाई फिर्ता योगदान गर्ने अवसर प्रदान गर्दछन् र नतिजास्वरूप विद्यार्थीहरू सिकाइमा पुन संलग्न हुने सम्भावना बढी हुन्छ।

ख. परिणामहरूको कुनै पनि प्रयोग स्पष्ट परिभाषित उपलब्धिहरू सहित ध्यानपूर्वक योजना गरिएको हुनुपर्दछ जसले गर्दा उच्चतम लाभ प्रदान गर्न सकियोस्। सकारात्मक परिणामहरूमा उपयुक्त व्यवहारको पहिचान सामेल छ जसले उपयुक्त व्यवहारको वृद्धितर्फ डोऱ्याउँछ। नरामात्मक परिणामहरू विद्यार्थीलाई उनको/उसको व्यवहार अस्वीकार्य छ र फेरि दोहोरिनु हुँदैन भन्ने कुराको रायसुझाब प्रदान गर्न निर्माण गरिएको छ।

२-३ अनुशासन निर्णय लिँदा सान्दर्भिक घटकहरू

क. विद्यार्थीहरूको दुर्व्यवहारका लागि परिणामहरू छनोट गर्दा शिक्षकहरू, प्रशासकहरू र स्टाफले स्कूल अवरोध हटाउने डिस्ट्रिक्टका लक्ष्यहरू र विद्यार्थीहरूको शिक्षण समयलाई अधिकतम वृद्धि बीच सन्तुलन कायम गर्नु पर्दछ। विद्यार्थीहरूलाई अनुशासनमा ल्याउनु अघि निम्नलिखित पक्षहरूमाथि विचार गरिनुपर्दछ :

१. विद्यार्थीको उमेर, स्वास्थ्य, र असक्तता वा विशेष शिक्षा स्थिति
२. विद्यार्थीको शैक्षिक स्थापनसम्बन्धी उपयुक्तता
३. विद्यार्थीको पूर्व व्यवहार र व्यवहारको अभिलेख
४. विद्यार्थीको अभिवृत्ति
५. आमाबाबु/अभिभावकको सहकार्य र संलग्नताको तह
६. हानीलाई सच्चाउने गर्ने विद्यार्थीको चाहना
७. आक्रमणको गम्भीरता र गरिएको हानीको तह
८. समग्र स्कूल समुदायमा घटनाको प्रभाव।

क. विद्यार्थीलाई अनुशासनमा ल्याउनु अघि विद्यार्थीको दुर्व्यवहार सम्बोधन गर्न निर्माण गरिएका निषेध र हस्तक्षेप कार्यक्रमहरूको उपलब्धता पनि विचार गरिनु पर्दछ।

२-४ हस्तक्षेपहरू

क. दुर्व्यवहार भएका बेलामा, स्कूलले परिस्थितिहरूको अनुसन्धान गर्नेछ र तथ्यहरू सङ्कलित गर्नेछ जसले उक्त विद्यार्थीका लागि, न्युनतम सम्भावित तहमा स्कूल आधारित स्रोतहरू मार्फत विद्यार्थी सुधारमा जोड सहित, उपयुक्त हस्तक्षेपहरू र परिणामहरू निर्धारण गर्न सहयोग गर्नेछ। हस्तक्षेपहरूले विद्यार्थीहरूलाई उनीहरूको गल्तिबाट सिक्ने र सिकाइमा पुनःसलग्न हुने अवसर प्रदान गर्नु पर्नेछ। सबै हस्तक्षेपहरूले विद्यार्थीको आवश्यकता, व्यवहारबाट प्रत्यक्ष प्रभावितहरूका आवश्यकताहरू, र समग्र स्कूल समुदायका आवश्यकताहरूको सन्तुलन कायम गर्नु पर्नेछ।

ख. शिक्षकहरू र प्रशासकहरूलाई तीन प्रकारका हस्तक्षेप रणनीतिहरू उपलब्ध छन् : प्रशासकीय, पुनर्स्थापकीय, र सीप-आधारित/उपचारात्मक

१. प्रशासनिक रणनीतिहरू बैधानिक, नियम-आधारित, वा करार-आधारित हस्तक्षेपहरू प्रहारकर्ता “लाई” गरिन्छ, जस्तै :

क. कक्षाकोठाबाट विस्थापन
ख. डिटेन्सन (नजरबन्दमा राख्ने)
ग. निलम्बन
घ. निष्कासन।

२. पुनर्स्थापनात्मक रणनीतिहरू प्रहारकर्ताहरू “सित” गरिने समस्या समाधानका हस्तक्षेपहरू हुन्। तिनीहरू सम्भव भएसम्म न्यायद्वारा परिचालित हुन्छन् र गरिएको हानी र कसरी सोलाई सुधार गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिन्छन्। एउटा सफल पुनर्स्थापनात्मक न्याय रणनीतिले सम्बन्धित एजेन्सीहरू र ब्यबसायिकहरूसँग हस्तक्षेपहरूका लागि साझेदारीको प्रयोग गर्नसक्छन्। घटना/व्यवहारको मूल्याङ्कन गरिनेछ र स्कूल वा डिस्ट्रिक्टद्वारा सबै पार्टीहरूसित आमने-सामने बैठक उपयुक्त छ छैन भनी निर्धारण गरिनेछ। उदाहरणमा निम्न कुरा सामेल हुन सक्छन् :

क. परिवार समूह सम्मेलन
ख. पीडित-पीडक मध्यस्तता
ग. कक्षाकोठा शान्ति वृत्तहरू
घ. हानीको सुधार।

४. उपचारात्मक/स्रोत रणनीतिहरू पीडक “द्वारा” गरिन्छ र आन्तरिक उत्प्रेरणात्मक व्यवहार परिवर्तन आवश्यक हुन्छ। त्यस्ता हस्तक्षेपहरूमा निम्न सामेल छन् :

क.	मानसिक स्वास्थ्य परामर्श
ख.	क्रोध व्यवस्थापन कक्षाहरू
ग.	अनौपचारिक मेन्टरिङ र व्यवहार प्रशिक्षण ।
ग.	दुर्व्यवहार सम्बोधन गर्दा, विशेष गरी दोस्रो र तेस्रो पटकका दुर्व्यवहरका लागि, शिक्षकहरू र प्रशासकहरूले विभिन्न किसिमका रणनीतिहरू वा एकैचोटी बहु-रणनीतिहरू प्रयोग गर्ने कुरा विचार गर्नु पर्दछ। उदाहरणका लागि, यस नीति अनुरूप, निम्नलिखित विधिबाट तीन प्रकारका हस्तक्षेपहरू प्रयोग गर्न सकिन्छ :
१.	स्वतन्त्र रूपमा (जस्तै १ दिने स्कूल पछिको डिटेन्सन)
२.	एक अर्काको विकल्पका रूपमा (जस्तै मध्यस्तता वा १-दिने निलम्बन)
३.	एक-अर्कासँग जोडेर (जस्तै २ दिने स्कूल भित्रको निलम्बन साथै क्रोध व्यवस्थापन कक्षा र मध्यस्तता)
घ.	हस्तक्षेपहरू स्मरणहरू, पुनःनिर्देशनहरू, विद्यार्थी/शिक्षक सम्मेलनहरू देखि लिएर कक्षाकोठाबाट विस्थापन, व्यवहार करार, निलम्बनहरू, निष्कासनका लागि सिफारिसहरू र/वा कानून कार्यान्वयनका लागि सिफारिससम्म विस्तारित हुन सक्छन्।
ङ.	विभिन्न किसिमका हस्तक्षेपहरूको उदाहरणका लागि एट्याचमेन्ट ए हेर्नुहोस्।

खण्ड तीन : अनुशासनात्मक प्रहारहरू (अफेन्स)

३-१ प्रहारहरू र परिणामहरू
क. तल सूचीकृत प्रहारहरूमा दुवै नियम उल्लङ्घनहरू र कानून उल्लङ्घनहरू पर्दछन्। नियम उल्लङ्घनहरूलाई माथि खण्ड २-४ मा वर्णन गरिए अनुसार विभिन्न हस्तक्षेपहरूमार्फत सम्बोधन गर्न सकिन्छ र कानून उल्लङ्घनहरूलाई तिनै हस्तक्षेपहरू वा किशोरावस्था र अपराधी नयाँ पद्धतिमार्फत सम्बोधन गर्न सकिन्छ।
ख. डिस्ट्रिक्ट र शिक्षा बोर्डले केही स्कूल आधारित प्रहारहरूले अन्य विद्यार्थीहरूलाई पीडित बनाउँछन् भनी पहिचान गर्दछन् र त्यस्ता प्रहारहरूबाट प्रभावितहरूको अधिकारको आदर गर्दछन्। यदि कानून उल्लङ्घनको पीडित कुनै विद्यार्थी भए, स्कूलले तुरुन्तै सो विद्यार्थीका आमाबाबु वा अभिभावकलाई सूचीत गरी उनीहरूलाई परिस्थितिबारे अवगत गराउँदै सो घटनाप्रति स्कूलले कसरी प्रतिक्रिया जनाउँदैछ भन्ने कुरा सूचीत गर्नुपर्दछ। यस्तो स्थितिमा आमाबाबु वा अभिभावकलाई कानून कार्यान्वयनको विकल्प प्राप्त छ र सो प्रक्रिया सहजीकरण गर्न उनीहरूले स्कूललाई अनुरोध गर्न सक्छन्। ती अधिकारहरूप्रति पूर्ण आदर सहित, डिस्ट्रिक्ट र शिक्षा बोर्ड डिस्ट्रिक्ट त्यस्तो घटना सम्बोधन गर्नका लागि पुनर्स्थापनीय न्याय, मध्यस्तता, र अन्य हस्तक्षेपहरूजस्ता वैकल्पिक रणनीतिहरूबारे आमाबाबुहरू र अभिभावकहरूलाई सूचीत गर्न सबल रूपमा प्रोत्साहित गर्दछन् र पीडितका आवश्यकताहरू र दुर्व्यवहार दुवै सम्बोधन गर्नका लागि उपयुक्त र पर्याप्त भए सम्म किशोरावस्था र अपराधीक न्याय पद्धतिको साटो त्यस्ता रणनीतिहरू प्रयोग गर्न पनि प्रोत्साहित गर्दछन्।
१. यस खण्डको प्रयोजनका लागि, निम्न ३-१ (ज) मा सूचीकृत प्रहारहरू जसले अन्य विद्यार्थीहरूलाई पीडित तुल्याउँछन् र जसलाई प्रकार दुई वा माथि भनी वर्गीकृत गरिएको छ तिनले कानून उल्लङ्घन गर्न सक्छन्। यदि स्कूल अफिसियललाई कुनै विशिष्ट अनुशासनात्मक प्रहार कानून उल्लङ्घन भित्र पर्छ पर्दैन निश्चित छैन भने, डिपिएस सुरक्षा र संरक्षण कार्यालयलाई सम्पर्क गरिनु पर्दछ।
ग. यदि उल्लङ्घनको पीडित स्कूल वा डिस्ट्रिक्ट भए, पीडित कोही नभए, घटनाहरूको समाधान सम्भव भएसम्म, तलका आवश्यकताहरू अनुरूप, कानून कार्यान्वयन बिना नै गरिनु पर्दछ।
घ. तल सूचीकृत सम्भावित परिणामहरूमा खण्ड ३-२ मा भएको अनुशासनात्मक सिँढीका उपयुक्त सन्दर्भहरू सामेल छन्, प्रहारको नतिजाले निष्कासन सिफारिस गरे पनि नगरे पनि, र प्रहारको नतिजाले "स्कूल रेफरल (सिफारिस)" गरे पनि नगरे पनि। प्रहारको नतिजाले प्रहारको प्रतिक्रियास्वरूप स्कूलले बाहिरको व्यक्ति वा एन्टिटीलाई सम्पर्क गर्छ वा गर्न सक्छ भने सो कुराको सङ्केत स्कूल सिफारिसले गर्दछ। पाँच प्रकारका बाध्यकारी रेफरलहरू निम्न छन् :
१.	कानून कार्यान्वयनका लागि बाध्यकारी सिफारिस
क.	ती प्रहारहरूका लागि विद्यार्थीलाई कानून कार्यान्वयनमा सिफारिस गरिनुपर्दछ।
अ.	जब स्कूलले विद्यार्थी दुर्व्यवहार बारे पुलिसलाई सूचीत गर्दछ, स्कूलले तुरुन्तै सो विद्यार्थीको आमाबाबु/अभिभावकलाई सम्पर्क गर्न प्रयास पनि गर्नु पर्दछ। कानून कार्यान्वयन अधिकारीहरूले विद्यार्थीलाई सोधपूछ गर्दा विद्यार्थीको अधिकारहरूबारे अधिक जानकारीका लागि नीति जेआइएच हेर्नुहोस्।
आ. शङ्कास्पद बाल दुर्व्यवहार, गैरकानूनी यौनिक व्यवहार, गैरकानूनी यौनिक सम्पर्क, वा अश्लील प्रदर्शनका घटनाहरूका लागि नीति जेएलएफ, जेएलएफ-आर, र डिपिएस बाल दुर्व्यवहार र वेवास्ता प्रोटोकल बुलेटिन पनि हेर्नुहोस्। दश वर्ष मुनिका प्रहारकर्ताहरूलाई डेनभर मानव सेवा विभागमा सिफारिस गरिन्छ। दश वर्ष वा माथिका प्रहारकर्ताहरूलाई कानून कार्यान्वयनमा सिफारिस गरिन्छ।
ख.	यी प्रहारहरूलाई तल एस्टेरिक ( "*" ) चिन्हद्वारा सङ्केत गरिएको छ।
२.	कानून कार्यान्वयनमा वैकल्पिक सिफारिस
क.	यी प्रहारहरूका लागि विद्यार्थीलाई कानून कार्यान्वयनमा सिफारिस गर्न सकिनेछ। यद्यपि सम्भव भएसम्म यी घटनाहरूको समाधान कानून कार्यान्वयन संलग्न नगरी गर्नुपर्नेछ। कानून कार्यान्वयनलाई सूचीत गर्ने स्कूल अफिसियलको अख्तियारीको विवेकीय अधिकारमा विभिन्न पक्षहरू विचार संलग्न गरिनु पर्दछ। ती पक्षहरूमा निम्न कुरा सामेल छन् तर त्यतिमै भने सीमित छैनन् :
अ.	दुर्व्यवहार विशिष्ट रूपमा गम्भीर किसिमको छ छैन ;
आ.	विद्यार्थीले उक्त किसिमको दुर्व्यवहार रोक्न भन्दा पनि जारी राखेको छ र अन्यको स्वास्थ्य, सुरक्षा, वा कल्याणलाई खतरा पुऱ्याउन

जारी राख्छ राख्दैन ;

इ. दुर्व्यवहारमा संलग्न विद्यार्थीको उमेर (जस्तै दश वर्ष मुनिका विद्यार्थीहरूलाई कानून कार्यान्वयनमा सिफारिस गरिँदैन ।) ;

ई. विद्यार्थीले पूर्व चेतावनिहरू प्राप्त गरेको छ वा छैन ;

उ. विद्यार्थीको दुर्व्यवहार विशिष्ट रूपमा अन्यहरूलाई शारीरिक हानी पुऱ्याउन लक्षित छ, वा गैरजिम्मेवारी हानी पुऱ्याउँछ, वा अन्यहरूको स्वास्थ्य, सुरक्षा वा कल्याणमा खतरा पुऱ्याउने खालको छ छैन ।;

ऊ. प्रहारले अन्य व्यक्तिलाई पीडित बनाएको, र सो व्यक्तिले कानून कार्यान्वयनलाई सम्पर्क गर्ने इच्छा देखाएको छ वा छैन ।

ख. यदि कुनै स्कूल अफिसियललाई पुलिसलाई सूचीत गर्ने वा नगर्ने बारे कुनै प्रश्नहरू भए, उसले वा उनले पुलिसलाई सूचीत गर्नु अघि सल्लाहका लागि डिपिएस सुरक्षा र संरक्षममा सम्पर्क गर्नु पर्नछ ।

ग. जब स्कूलले विद्यार्थी दुर्व्यवहार बारे पुलिसलाई सूचीत गर्दछ, स्कूलले तुरुन्तै सो विद्यार्थीको आमाबाबु/अभिभावकलाई सम्पर्क गर्न प्रयास पनि गर्नु पर्दछ । कानून कार्यान्वयन अधिकारीहरूले विद्यार्थीलाई सोधपूछ गर्दा विद्यार्थीको अधिकारहरूबारे अधिक जानकारीका लागि नीति जेआइएच हेर्नुहोस् ।

घ. यी प्रहारहरू दुईवटा एस्टेरिक ("**") चिन्हहरूले सङ्केत गरिएका छन् ।

३. सुरक्षा र संरक्षणमा बाध्यकारी सिफारिस

क. यी प्रहारहरूका लागि, प्रहार कानून कार्यान्वयनमा रिपोर्ट गर्नु पर्छ पर्दैन भन्ने कुरा निर्धारण गर्नका लागि स्कूलले डिपिएस सुरक्षा र संरक्षणमा सम्पर्क गर्नु पर्दछ ।

ख. यी प्रहारहरूलाई तल तीनवटा एस्टेरिक ("***") चिन्हहरूले सङ्केत गरिएको छ ।

४. टाइटल नौं अधिकारीलाई बाध्यकारी सिफारिस

क. यी प्रहारहरूका लागि डिस्ट्रिक्ट टाइटल नौं अधिकारीलाई डिपिएस नीति जेबिबि अनुसार सम्पर्क गरिनु पर्दछ ।

ख. यी प्रहारहरू तल चारवटा एस्टेरिक ( "****" ) चिन्हहरूले सङ्केत गरिएका छन् ।

५. अग्नि विभागमा बाध्यकारी सिफारिस

क. यी प्रहारहरूका लागि विद्यार्थीलाई अग्नि विभागमामा सिफारिस गरिनु पर्दछ ।

ख. यी प्रहारहरू तल पाँचवटा एस्टेरिक ( "*****" ) चिन्हहरूले सङ्केत गरिएका छन् ।

अनुशासनात्मक प्रहार परिणामहरू

| **अनुशासनात्मक प्रहार** | **परिणामहरू** |
|---|---|
| **पहिलो प्रकारका प्रहारहरू**<br>• कक्षाकोठा अवरोध<br>• अत्यधिक ढिलासुस्ती<br>• अन्य विद्यार्थीहरूलाई लक्षित गररे चलाउनु, वाधा दिनु, वा ध्यान भङ्ग गर्नु<br>• निन्दा वा अश्लीलताको प्रयोग<br>• पोसाक कोड उल्लङ्घन - नीति जेआइसिए हेर्नुहोस्<br>• स्कूल क्रियाकलापको साधारण व्यवधान<br>• अख्तियारीको साधारण वेवास्ता/अटेरीपन (जस्तै जानाजान निर्देशनहरू पालना नगर्नु )<br>• शाब्दिक अपमान वा निन्दा<br>• अवैधानिक समयमा सेल फोनहरू, गेमबोयज, र त्यस्तै इलेक्ट्रोनिक उपकरणहरूको प्रयोग<br>• स्कूल सम्पत्तिको साधारण क्षति वा हानी<br>• सूर्ती प्रहारहरू - नीति जेआइसिजि हेर्नुहोस्<br>• स्कूल उपकरणको अवैधानिक प्रयोग<br>• जुवा<br>• अर्को विद्यार्थासँग साधारण शारीरिक आक्रमण (जस्तै ठेल्नु, हल्लाउनु)<br>• शैक्षिक बेइमानी<br>• अन्य साधारण स्कूल आधारित दुर्व्यवहार | पहिलो प्रकारका प्रहारहरूका लागि स्कूल अफिसियलहरूले अनुशासन सिढीको तह क हेर्नुपर्नेछ । (यस नीतिको खण्ड ३-२ हेर्नुहोस्) यदि एउटै स्कूल वर्षमा एउटै प्रकृतिको उल्लङ्घन हुन्छ भने, हस्तक्षेप सिँढीमा अर्को तहमा उक्लिन्छ । (जस्तै तह क बाट खमा र त्यसैगरी)<br><br>पहिलो प्रकारका प्रहारहरूका लागि विद्यार्थीहरूलाई निष्कासन सिफारिस गरिनेछैन । यसको एउटै मात्र अपवाद के हो भने, निलम्बनहरूलाई निम्ता गर्ने निरन्तरका दुर्व्यवहारहरूले विद्यार्थीलाई “आदतन बाधाकारी” घोषणा गर्न तर्फ डोऱ्याउँछन् जसका लागि विद्यार्थीलाई निष्कासनका लागि सिफारिस गरिन्छ । अधिक जानकारीका लागि यस नीतिको खण्ड ६-७ हेर्नुहोस् । |
| **दोस्रो प्रकारका प्रहारहरू** | दोस्रो प्रकारका प्रहारहरूका लागि, स्कूल अफिसियलहरूले |

| | |
|---|---|
| • आगो लागेको यन्त्रको अनुचित प्रयोग ***** <br>• फायरवकर्स/पटाकाहरूको स्वामित्व <br>• बुलिइङ : तह एक (जस्तै शाब्दिक वा लिखित आक्रमण वा अपमान) - नीति जेआइसिडिइ हेर्नुहोस् । <br>• जात, नश्लियता, यौनिक झुकाव, लैङ्गिक पहिचान, असक्तता, वा धर्मका आधारमा उत्पीडन : तह एक (जस्तै शाब्दिक र लिखित उत्पीडन) - नीति जेबिबिए हेर्नुहोस् । <br>• यौनिक उत्पीडन तह एक (जस्तै शाब्दिक र लिखित उत्पीडन)**** नीति जेबिबि हेर्नुहोस् । <br>• सहमतिमा तर अनुपयुक्त शारीरिक सम्पर्क <br>• ग्राफिटि सहित स्कूल सम्पत्तिको क्षति वा चोरी (५०० डलर भन्दा कम) <br>• अख्तियारीको उग्र वेवास्ता/अटेरीपन (जस्तै स्कूल कर्मचारी प्रति समग्र अनादर) <br>• अनाधिकृत प्रवेश <br>• व्यक्तिबाट चोरी (५०० डलर भन्दा कम) <br>• अन्य स्कूल आधारित दुर्व्यवहार जसले स्कूल वातावरणलाई वाधा पुऱ्याउँछ <br>• दोहोरिइरहने पहिलो प्रकारका प्रहारहरू (अनुशासनात्मक सिँढीको तह ए (क) देखि सि (ग) सम्म पुगेपछि (यस नीतिको खण्ड ३-२ हेर्नुहोस्)) | अनुशासनात्मक सिँढीको तह डि (घ) हेर्नुपर्नेछ (यस नीतिको खण्ड ३-२ हेर्नुपर्नेछ) यदि एउटै स्कूल वर्षमा एउटै प्रकृतिको उल्लङ्घन हुन्छ भने, हस्तक्षेप सिँढीमा अर्को उच्च तहमा उक्लिन्छ । (जस्तै तह डि (घ) बाट इ (ङ) मा र त्यसैगरी) । <br><br>दोस्रो प्रकारका प्रहारहरूका लागि विद्यार्थीहरूलाई निष्कासनका लागि सिफारिस गरिनेछैन । यसको एउटै मात्र अपवाद के हो भने, निलम्बनहरूलाई निम्ता गर्ने निरन्तरका दुर्व्यवहारहरूले विद्यार्थीलाई "आदतन बाधाकारी" घोषणा गर्न तर्फ डोऱ्याउँछन् जसका लागि विद्यार्थालाई निष्कासनका लागि सिफारिस गरिन्छ । अधिक जानकारीका लागि यस नीतिको खण्ड ६-७ हेर्नुहोस् । <br><br>"अनधिकृत प्रवेश" को प्रहारका लागि विद्यार्थीलाई कानून कार्यान्वयनमा सिफारिस गर्न सकिनेछ तर त्यतिबेला मात्रै जतिबेला सो विद्यार्थीलाई स्कूल क्याम्पस छाड्न भन्दा उसले अस्वीकार गर्छ । |
| **तेस्रो प्रकारका प्रहारहरू** <br>• बुलिइङ : तह दुई (जस्तै, आक्रमण वा अपमानको शारीरिक क्रिया र तह एक व्यवहारको पुनरावृत्ति) - नीति जेआइसिडिइ हेर्नुहोस् <br>• जात, नश्लियता, यौनिक झुकाव, लैङ्गिक पहिचान, असक्तता वा धर्मका आधारमा उत्पीडन तह दुई (जस्तै शारीरिक उत्पीडनको क्रिया र तह एक व्यवहारको पुनरावृति जेबिबिए हेर्नुहोस् ) <br>• यौनिक उत्पीडन तह दुई (जस्तै, शारीरिक उत्पीडनको क्रिया र तह एक व्यवहारको पुनरावृत्ति)**** - (विद्यार्थीको व्यवहार कानून कार्यान्वयन डेनभर मानव सेवा विभागलाई रिपोर्ट गर्ने प्रहारको तहसम्म बढेको निर्धारण गर्नका लागि नीतिहरू जेबिबि र जेएलएफको सन्दर्भ लिइनु पर्दछ ।) <br>• झगडा : तह एक (काटिनु, कोरिनु, वा नाकबाट रगत आउनुजस्ता साधारण चोटपटक हुने गी घटेका घटनाहरू सामेल हुन सक्छन्) <br>• मदिरा वा लागू पदार्थको प्रभावमा रहनु - नीतिहरू जेआइसिएच, जेआइसिएच-आर <br>• मदिरा वा अनधिकृत (तर कानूनी) लागू पदार्थको स्वामित्व <br>• गैरकानूनी लागू पदार्थहरूको स्वामित्व ** <br>• ग्राफिटि सहित स्कूल सम्पत्तिको क्षति वा चोरी (५०० देखि ५००० डलर सम्म) ** <br>• व्यक्तिबाट चोरी (५०० देखि ५००० डलर) <br>• स्कूल वातावरणलाई उल्लेख्य रूपमा बाधा गर्ने स्कूल-आधारित दुर्व्यवहार <br>• पुनभइरहने दोस्रो प्रकारका प्रहारहरू | तेस्रो प्रकारका प्रहारहरूका लागि, स्कूल अफिसियलहरूले अनुशासनात्मक सिँढीको तह इ (ङ) हेर्नु पर्नेछ (यस नीतिको खण्ड ३-२ हेर्नुहोस्) यदि एउटै स्कूल वर्षमा एउटै प्रकृतिका उल्लङ्घन हुन्छ भने, हस्तक्षेप सिँढीमा अर्को उच्च तहमा उक्लिन्छ । (जस्तै तह इ (ङ) बाट एफ (च) मा र त्यसैगरी) । <br><br>तेस्रो प्रकारका प्रहारहरूका लागि निष्कासन सिफारिस गरिनेछैन । यसको एउटै मात्र अपवाद के हो भने, निलम्बनहरूलाई निम्ता गर्ने निरन्तरका दुर्व्यवहारहरूले विद्यार्थीलाई "आदतन बाधाकारी" घोषणा गर्न तर्फ डोऱ्याउँछन् जसका लागि विद्यार्थालाई निष्कासनका लागि सिफारिस गरिन्छ । अधिक जानकारीका लागि यस नीतिको खण्ड ६-७ हेर्नुहोस् । |
| **चौथो प्रकारका प्रहारहरू** <br><br>• आगजनी | चौथो प्रकारका प्रहारहरूको लागि स्कूल अफियिसलहरूले अनुशासनात्मक सिँढीको तह एफ हेर्नु पर्नेछ । यदि विद्यार्थीको दुर्व्यवहारले अन्य विद्यार्थीहरू वा स्कूल पर्सोनेलको कल्याण वा |

| | |
|---|---|
| • झगडा : तह दुई (गम्भीर चोटपटकका घटनाहरू सहित, तर जुन पाचौं तहको प्रहार (पहिलो र दोस्रो डिग्रीको आक्रमण) सम्म पुग्दैनन् । ) *** (नोट : रिपोटिँग प्रयोजनका लागि तेस्रो डिग्री आक्रमणका रूपमा वर्गीकरण गरिएको)<br>• ग्राफिटी सहित तेस्रो डिग्रीको आक्रमण (५००० डलर माथिको) **<br>• व्यक्तिबाट चोरी (५००० डलर माथिको)<br>• अन्य विद्यार्थीहरू र स्कूल पर्सोनेलहरूको कल्याण र सुरक्षालाई गम्भीर खतरा पुग्ने गरी विस्फोटक (गैर-फायरवकर्स/पटाकाहरू)को स्वामित्व *<br>• स्कूल कर्मचारीको सम्पत्ति जानाजान क्षति पुऱ्याउनु *<br>• स्कूल कर्मचारी विरूद्ध आक्रमण, उत्पीडन वा दुर्व्यवहारको गलत आरोप *<br>• जोरजबरजस्ती क्रियाकलापहरू (जस्तै, लामो शारीरिक क्रियाकलाप गर्न लगाउनु, कुनै पदार्थ धेरै मात्रामा खान लगाउनु, निद्रा, खाद्यान्न वा पेय पदार्थको कमि लामो समयसम्म हुन दिनु, वा कुनै विद्यार्थी समूहमा पहलको उद्देश्यका लागि कुनै व्यक्तिको स्वास्थ्य वा सुरक्षालाई असावधानी पूर्वक खतरा पुऱ्याउने कुनै पनि अन्य व्यवहार) **<br>• बाल दुर्व्यवहार *<br>• गैरकानूनी यौनिक व्यवहार र/वा गैरकानूनी यौनिक सम्पर्क, र/वा अश्लील प्रदर्शन *<br>• शाक्षिलाई अपमान वा प्रत्याक्रमण गर्नु *<br>• स्कूलमा रहेकाहरूको कल्याण वा सुरक्षालाई क्रियाशील वा भइरहेको खतरा प्रतिनिधित्व गर्ने अन्य विद्यार्थी व्यवहार *<br>• पुनरावृत्ति भइरहने तेस्रो किसिमका प्रहारहरू **<br><br>• आदतन बाधा (यस नीतिको खण्ड ४-३ हेर्नुहोस्; यद्यपि कानून कार्यान्वयन योग्य नभए पनि आदतन बाधाकारी विद्यार्थीहरू निष्कासनका लागि योग्य हुन्छन्) | सुरक्षालाई गम्भीर खतरा उत्पन्न गरेको छ र विद्यार्थीको स्कूलमा निरन्तर उपस्थितिले गम्भीर सुरक्षा जोखिम निम्त्याउँछ भने, विद्यार्थीलाई निष्कासनका लागि सिफारिस गर्न सकिनेछ ।<br><br>निष्कासन तर्फ उन्मुख गराउने निरन्तर दुर्व्यवहारले विद्यार्थीलाई "आदतन बाधाकारी" घोषणा गर्नेतर्फ डोऱ्याउँछ । "आदतन बाधाकारी" कुनै स्वतन्त्र प्रहार हैन, तर यसले राज्य कानून अन्तर्गतको त्यो वर्गीकरणलाई सङ्केत गर्छ, जसमा कुनै पनि तहको निरन्तर दुर्व्यवहारको नतिजास्वरूप विद्यार्थीलाई "आदतन बाधाकारी" घोषणा गरिन्छ जसका लागि सो विद्यार्थीलाई निष्कासनका लागि सिफारिस गर्न सकिनेछ । अधिक जानकारीका लागि नीति जेके-आरको खण्ड ६-७ हेर्नुहोस् । |
| **पाँचौ प्रकारका प्रहारहरू**<br>• डकैती *<br>• पहिलो र दोस्रो डिग्रीको आक्रमण, र यौनिक आक्रमण *<br>• अनधिकृत औषधिहरू वा नियन्त्रित पदार्थहरूको विक्री वा वितरण वा विक्री वा वितरण गर्ने मनसाय *<br>स्कूल वा डिस्ट्रिक्टको अख्तियारी बेगर चक्कू वा खतरनाक हतियार बोक्नु, ल्याउनु, प्रयोग गर्नु, वा स्वामित्व (फायरआर्म फ्यासिमाइल जसलाई वास्तविक फायरआर्म भनी झुक्किन्छ, स्प्रिङ क्रिया वा बिबि बन्दुक जस्ता खाँदिएको हावा उपकरणहरू, ३" भन्दा लामा ब्लेड भएका स्थिर-ब्लेड चक्कूहरू, स्प्रिङ लोड गरिएका चक्कूहरू, र अन्य जुनसुकै उपकरण जसलाई मृत्यु वा गम्भीर शारीरिक चोटपटक पुऱ्याउन वा सो गर्ने मनसायले प्रयोग गरिन्छ ।) * | पाँचौं प्रकारका प्रहारहरूका लागि अनुशासनात्मक सिँढी लागू हुँदैन । यस्ता प्रहारहरू गर्ने विद्यार्थीहरूलाई ३-१० दिनको स्कूल बाहिरको निलम्बन प्रदान गरिनुपर्छ र राज्य कानूनद्वारा आवश्यक भए अनुसार कानून कार्यान्वयन सूचीत गरिनेछ । स्कूलले निष्कासन सुनुवाइ अनुरोध गर्नेछ । |

| | |
|---|---|
| **छैठौँ प्रकारको प्रहार**<br>• स्कूल परिसरमा फायरआर्महरूको स्वामित्व | छैठौँ प्रकारका प्रहारहरूका लागि अनुशासनात्मक सिँढी लागू हुँदैन। यस्ता प्रहारहरू गर्ने विद्यार्थीहरूलाई ३-१० दिनको स्कूल बाहिरको निलम्बन प्रदान गरिनुपर्छ, र, राज्य कानूनद्वारा आवश्यक भए अनुसार, स्कूलहरूले निष्कासन सुनुवाइ अनुरोध गर्नुपर्दछ र कानून कार्यान्वयनलाई सूचीत गर्नुपर्दछ। सुनुवाइमा, छैठौँ प्रकारको प्रहार भेटिएमा सो को दण्ड एक वर्षका लागि निष्कासन हुनेछ। सो दण्ड सुपरिटेन्डेन्ट वा प्रतिनिधिले लिखितमा मात्र परिमार्जित गर्न सक्नेछन्। |

ङ. डिपिएस सुरक्षा र संरक्षणले अपराधिक उल्लङ्घनहरू समेत भएको स्कूल-आधारित प्रहारूको सूची विकसित गर्नेछ। वैधानिक आवश्यकताहरू पूरा गर्नका लागि यी उल्लङ्घनहरूलाई कानून कार्यान्वयनमा रिपोर्ट गरिनु पर्दछ। प्रत्येक स्कूलले, आफ्नो प्रिन्सिपल र/वा प्रतिनिधि मार्फत, त्यस्ता अपराधहरूको, वा शङ्कित अपराधहरूको, लिखित रिपोर्ट बुझाउनेछन् र डिस्ट्रिक्ट-व्यापी सङ्कलन र कानून कार्यान्वयनलाई तत्काल रिपोर्ट गर्नका लागि ती रिपोर्टहरू डिपिएस सुरक्षा र संरक्षणलाई बुझाउनेछन्।
च. तल दिइएको सूचीमा अनुशासनात्मक प्रहारहरू र तिनीहरूबाट निस्कने परिणामहरू छन्।

३-२ अनुशासनात्मक सिँढी
क. यस अनुशासनात्मक सिँढीमा छ तहका हस्तक्षेपहरू परिभाषित गरिएका छन् । अनुशासनात्मक कार्बाही उल्लङ्घनको प्रकृति अनुरूप सम्भव भएसम्म सबैभन्दा तल्लो तहबाट सुरु गरी सोही तहमा समाधान गरिनु पर्दछ। यदि त्यस्तै उल्लङ्घनहरू निरन्तर भए, हस्तक्षेप अनुशासनात्मक सिँढीमा माथिल्लो तहमा उक्लिन्छ। (जस्तै तह ए (क) देखि तह बि (ख)) यस नीतिको मनसाय एउटै स्कूल वर्षका लागि अनुशासनात्मक प्रहारहरू वा उल्लङ्घनहरू क्रमशः जम्मा हुने हुन्छन्। वर्तमान स्कूल वर्षमा अनुशासनात्मक प्रहार वा उल्लङ्घनका लागि अधिकतम परिणामहरू निर्धारण गर्दा विद्यार्थीको बितेका वर्षका रेफरलहरू साधारणतया विचार गरिनु हुँदैन।
ख. अनुशासनात्मक सिँढीको प्रयोग विद्यार्थीरूलाई सहयोग प्रदान गर्न गरिन्छ जसले गर्दा भविष्यका अनुशासनात्मक कार्बाही टार्न सकियोस्। अनुशासनात्मक सिफारिस सिँढीका सबै तहहरूमा, विचार गरिएका हस्तक्षेपहरूमा यस नीतिको खण्ड २-४ मा माथि सन्दर्भ दिइएका कुनै पनि प्रकारहरू सामेल हुन सक्नेछन्।
ग. विभिन्न किसिमका हस्तक्षेपहरूको उदाहरणका लागि एट्याचमेन्ट ए, उदाहरण म्याटिक्सको सरलीकृत रूपका लागि एट्याचमेन्ट बि, र अनुशासनात्मक सिँढीको सरलीकृत रूप हेर्नका लागि एट्याचमेन्ट सि हेर्नुहोस्।

अनुशासनात्मक सिँढी

तह ए - शिक्षक/विद्यार्थी
• विद्यार्थीलाई घटनकाको उसको/उनको पक्ष भन्ने अवसर प्रदान गरिनेछ।
• शिक्षक वा निर्धारित स्टाफले विद्यार्थीसँग परामर्श गर्नेछन्।
• उपयुक्त भएसम्म एक वा बढी हस्तक्षेपहरू पहल गरिनेछ।
• कुनै पनि हस्तक्षेपलाई दस्तावेजिकरण गरिनेछ।

तह बि - शिक्षक/विद्यार्थी/अभिभावक
• विद्यार्थीलाई घटनकाको उसको/उनको पक्ष भन्ने अवसर प्रदान गरिनेछ।
• शिक्षक वा निर्धारित स्टाफले विद्यार्थीको आमाबाबु/अभिभावकलाई सूचीत गर्नेछन्।
• शिक्षकले विद्यार्थीसँग र सम्भव भएमा, आमाबाबु/अभिभावकसँग परामर्श गर्नेछन्।
• उपयुक्त भएसम्म एक वा बढी हस्तक्षेपहरू पहल गरिनेछ।
• कुनै पनि हस्तक्षेपलाई दस्तावेजिकरण गरिनेछ।

तह सि - शिक्षक/सहयोगी स्टाफ/अभिभावक
• यति तह बि को हस्तक्षेप सफल भएन भने, शिक्षक वा निर्धारित स्टाफले सामाजिक कार्यकर्ता, नर्स, मार्गदर्शन परामर्शदाता, मनोवैज्ञानिक, वा स्कूलको सहयोगी समूहको अन्य कुनै सदस्यलाई संलग्न गर्ने नगर्ने बारे निर्धारण गर्नेछन्।
• विद्यार्थीलाई घटनकाको उसको/उनको पक्ष भन्ने अवसर प्रदान गरिनेछ।
• आमाबाबु/अभिभावकलाई सूचीत गरिनेछ।
• शिक्षक र संलग्न भएको सहयोगी स्टाफको कुनै पनि सदस्यले विद्यार्थीसँग, यदि सम्भव भए, आमाबाबु/अभिभावकसँग दुर्व्यवहार सच्चाउनका लागि सहयोग प्रदान गर्न सम्मेलन गर्नेछन्। यदि सम्भव भए, सो विद्यार्थीका सबै शिक्षकहरू सम्मेलनमा सहभागी हुनेछन्।

• उपयुक्त भएसम्म एक वा बढी हस्तक्षेपहरू पहल गरिनेछ।
• कुनै पनि सिफारिसहरू वा हस्तक्षेपहरूलाई दस्तावेजीकरण गरिनेछ।

तह डि - प्रशासनिक तह सिफारिस
• विद्यार्थीलाई उपयुक्त प्रशासनिक वा निर्धारित स्टाफ व्यक्तिलाइ सिफारिस गरिनेछ।
• हस्तक्षेप गर्न र विद्यार्थीको व्यवहार परिवर्तन गर्न लिइएका कदमहरूको दस्तावेजिकरण प्रदान गरिनेछ।
• विद्यार्थीलाई घटनाको उसको/उनको पक्ष भन्ने अवसर प्रदान गरिनेछ।
• प्रशासक वा निर्धारित स्टाफ व्यक्तिले आमाबाबु/अभिभावकसँग सम्मेलन तय गर्नेछन् र सहयोगी अधिकारीसँग छलफल आवश्यक भए नभएको निर्धारण गर्नेछन्।
• उपयुक्त भएसम्म एक वा बढी हस्तक्षेपहरू पहल गरिनेछ।
• यदि उपयुक्त भए, तीन दिन सम्मको स्कूलभित्रको निलम्बन उपयोग गर्न सकिन्छ (बढी विवरणका लागि यस नीतिको खण्ड ६-२ हेर्नुहोस्)।
• स्कूल अफियलहरूले विद्यार्थीका लागि व्यवहार हस्तक्षेप योजना विकसित गर्नेबारे विचार गर्नु पर्दछ (केही मामिलाहरूमा, त्यस्तो योजना बाध्यकारी हुनसक्छ; यस नीतिको खण्ड ५-३ हेर्नुहोस्)।
• सिफारिसहरू वा हस्तक्षेपहरूलाई दस्तावेजीकरण गरिनेछ।

तह इ - निलम्बन विकल्पहरू
• विद्यार्थीलाई उपयुक्त प्रशासनिक वा निर्धारित स्टाफ व्यक्तिलाई सिफारिस गरिनेछ।
• हस्तक्षेप गर्न र विद्यार्थीको व्यवहार परिवर्तन गर्न लिइएका कदमहरूको दस्तावेजिकरण प्रदान गरिनेछ।
• विद्यार्थीलाई घटनाकाको उसको/उनको पक्ष भन्ने अवसर प्रदान गरिनेछ।
• प्रशासक वा निर्धारित स्टाफ व्यक्तिले आमाबाबु/अभिभावकसँग सम्मेलन तय गर्नेछन् र सहयोगी अधिकारीसँग छलफल आवश्यक भए नभएको निर्धारण गर्नेछन्।
• उपयुक्त भएसम्म एक वा बढी हस्तक्षेपहरू पहल गरिनेछ।
• यति पहिलेका हस्तक्षेपहरू सफल भएका छैनन् भने, प्रिन्सिपल वा प्रिन्सिपलको प्रतिनिधिले १-३ दिनको स्कूलभित्रको निलम्बन वा एक दिने स्कूल बाहिरको निलम्बनको प्रयोग गर्ने वारे विचार गर्न सक्नेछन् (निलम्बनहरूको प्रयोगका विषयमा यस नीतिको खण्डहरू ६-२, ६-३, र ६-४ हेर्नुहोस् )।
• पहिलो प्रकारका प्रहारहरूका लागि एलिमेन्टरी स्कूलका विद्यार्थीहरूले स्कूल बाहिरको निलम्बन प्राप्त गर्नेछैनन्।
• स्कूल अफिसियलहरूले विद्यार्थीका लागि व्यवहार हस्तक्षेप योजना विकसित गर्नेबारे विचार गर्नु पर्दछ (केही मामिलाहरूमा, त्यस्तो योजना बाध्यकारी हुनसक्छ; यस नीतिको खण्ड ५-३ हेर्नुहोस् )।
• निलम्बन पछाडि स्कूल फिर्ता हुँदा, सकारात्मक व्यवहार प्रोत्साहित गर्ने कदमहरूबारे अगाडि चाल्नु पर्ने कदमहरूबारे विचार गर्नु पर्दछ।

तह एफ - अतिरिक्त निलम्बन विकल्पहरू
• विद्यार्थीलाई उपयुक्त प्रशासनिक वा निर्धारित स्टाफ व्यक्तिलाई सिफारिस गरिनेछ।
• हस्तक्षेप गर्न र विद्यार्थीको व्यवहार परिवर्तन गर्न लिइएका कदमहरूको दस्तावेजिकरण प्रदान गरिनेछ।
• विद्यार्थीलाई घटनाको उसको/उनको पक्ष भन्ने अवसर प्रदान गरिनेछ।
• प्रशासक वा निर्धारित स्टाफ व्यक्तिले आमाबाबु/अभिभावकसँग सम्मेलन तय गर्नेछन् र सहयोगी अधिकारीसँग छलफल आवश्यक भए नभएको निर्धारण गर्नेछन्।
• उपयुक्त भएसम्म एक वा बढी हस्तक्षेपहरू पहल गरिनेछ।
• यति पहिलेका हस्तक्षेपहरू सफल भएका छैनन् भने, प्रिन्सिपल वा प्रिन्सिपलको प्रतिनिधिले १-३ दिनको स्कूलभित्रको निलम्बन वा एक दिने स्कूल बाहिरको निलम्बनको प्रयोग गर्ने वारे विचार गर्न सक्नेछन् (निलम्बनहरूको प्रयोगका विषयमा यस नीतिको खण्डहरू ६-२, ६-३, र ६-४ हेर्नुहोस् )।
• पहिलो प्रकारका प्रहारहरूका लागि एलिमेन्टरी स्कूलका विद्यार्थीहरूले स्कूल बाहिरको निलम्बन प्राप्त गर्नेछैनन्।
• स्कूल अफियलहरूले विद्यार्थीका लागि व्यवहार हस्तक्षेप योजना विकसित गर्नेबारे विचार गर्नु पर्दछ (केही मामिलाहरूमा, त्यस्तो योजना बाध्यकारी हुनसक्छ; यस नीतिको खण्ड ५-३ हेर्नुहोस्।
• दोहोरिइरहने दुवर्यवहारको नतिजा विद्यार्थीलाई "आदतन बाधाकारी" घोषणा गरिनेतर्फ हुनसक्छ जसका लागि विद्यार्थीलाई निष्कासनका लागि सिफारिस गरिनेछ। अधिक जानकारीका लागि यस नीतिको खण्ड ६-७ हेर्नुहोस्।

• निलम्बन पछाडि स्कूल फिर्ता हुँदा, सकारात्मक व्यवहार प्रोत्साहित गर्ने कदमहरूबारे अगाडि चाल्नु पर्ने कदमहरूबारे विचार गर्नु पर्दछ ।

खण्ड चार : कक्षाकोठामा बाधाकारी विद्यार्थीहरू

४-१ कक्षाकोठाबाट विस्थापन

क. एउटा प्रभावकारी अनुशासन योजनामा शिक्षकहरूको महत्त्वपूर्ण भूमिका र जिम्मेवारी डिस्ट्रिक्ट स्वीकार गर्दछ । बाधाबिनाको कक्षाकोठा सिकाइका लागि आवश्यक हुन्छ । यदि शिक्षकले शैक्षणिक प्रक्रिया जोगाउनका लागि आवश्यक ठान्छन् भने उनले बाधाकारी विद्यार्थीलाई वैकल्पिक व्यवस्थापनमा विस्थापित गर्न सक्छन् । शिक्षा बोर्डले "कक्षाकोठा बाधा" लाई जानाजान र गम्भीर अटेरीपन वा खुला र निरन्तर अवज्ञा, वा कक्षाकोठामा उपयुक्त सिकाइ वातावरण प्रदान गर्ने स्कूल वा शिक्षकको क्षमतामा दोहोरिइरहने बाधा जसलाई यस नीतिमा पहिचान गरिएका प्रभावकारी कक्षाकोठा व्यवस्थापन र/वा हस्तक्षेप रणनीतिहरूद्वारा व्यवस्थित गर्न सकिँदैन भनी परिभाषित गर्दछ ।

ख. यदि विद्यार्थीलाई कक्षाकोठाबाट विस्थापित गरिएको खण्डमा, शिक्षकले विद्यार्थीसँग आफ्नो पाठ्यपुस्तकहरू र दिइएका कार्यहरू पूरा गर्नका लागि कक्षा कार्य भएको हेर्नेछन् । हरेक स्कूल नेतृत्व समूह ("एसएलटि") ले शिक्षकद्वारा कक्षाकोठाबाट विस्थापित गरेका विद्यार्थीहरूलाई राख्ने वैकल्पिक व्यवस्थापन बारे योजना तर्जुमा गर्नक लागि स्कूलको प्रिन्सिपलसँग सहकार्य गर्नु पर्दछ । शिक्षकसँग छलफल गरेपछि र विद्यार्थीसँग सम्मेलन गरेपछि मात्र विद्यार्थीलाई कक्षाकोठामा फर्काइनेछ । युक्तिसङ्गत रूपमा छिटोभन्दा छिटो शिक्षक वा स्कूल प्रिन्सिपल (वा प्रतिनिधि) ले आमाबाबु वा आधिकारिक अभिभावकलाई विस्थापनका बारेमा र उपयुक्त भएमा सम्मेलनमा उनको वा उसको उपस्थिति अनुरोध गर्नका लागि सम्पर्क गर्नेछन् ।

ग. यस बेला व्यवहार योजना विकसित गर्न सकिनेछ, तर सो योजना कक्षाकोठाबाट दोस्रो पटक विद्यार्थी विस्थापित भएका बेला विकसित गर्ने पर्नेछ । सो योजना अनुशासनात्मक योजना निर्माणसँग समरूप हुनु पर्नेछ । यदि विकसित गरिएमा, दोस्रो विस्थापन पछि विद्यार्थी कक्षाकोठामा फर्किन स्थितिहरू, विद्यार्थी कक्षाकोठामा फर्किनु अघि बित्ने समय सहित, व्यवहार योजनाको भाग हुनु पर्नेछ । स्कूल हस्तक्षेप समूहलाई सिफारिस (पर्याप्त दस्तावेजहरू सहित) उपयुक्त हुन्छ । शिक्षकसँग छलफल गरेपछि र विद्यार्थीसँग सम्मेलन गरेपछि मात्र विद्यार्थीलाई कक्षाकोठामा फर्काइने छ ।

घ. तेस्रो विस्थापनमा (क्रियाशील आइपि भएका विद्यार्थीहरूको अपवाद सहित), विद्यार्थीलाई सो शिक्षकको कक्षाबाट बाँकी रहेको समय अवधिसम्म विस्थापन गर्न सकिनेछ । स्कूल हस्तक्षेप समूहलाई सिफारिस (पर्याप्त दस्तावेजहरू सहित) उपयुक्त हुन्छ । विद्यार्थी अलग्गै शैक्षिक व्यवस्थापनमा राखिने वा निलम्बन गरिने कुरा यस नीति र आडिइए नियमनहरूसँग समरूप हुनु पर्नेछ ।

ङ. अनुशासनात्मक योजनामा एसएलटि (वा प्रतिनिधि) ले शिक्षकप्रति लक्षित अभद्र व्यवहार, उत्पीडन वा जानाजान बाल दुर्व्यवहारको आरोपका बारेमा सिआरएस २२-३२-१०९.१ र बोर्ड नीतिका आवश्यकताहरू समायोजित गर्नेछन् । अनुशासनात्मक योजना कार्यान्वयन गर्दा, शिक्षकलाई सिआरएस २२-३२-१०९.१(९) मा प्रदान गरिए अनुसार, नागरिक वा आपराधिक दायित्वबाट संरक्षित गरिनेछ ।

च. यदि प्रिन्सिपलसँग शिक्षकले ठूलो सङ्ख्यामा विद्यार्थीहरूलाई अनुशासनात्मक कारणका लागि सिफारिस गरेको प्रमाण भए, प्रिन्सिपलले सो शिक्षकसँग कक्षाकोठा अभ्यास समीक्षा गर्नेछन् र अझ बढी निषेधात्मक उपागम सम्भव भए नभएको, वा शिक्षकले स्टाफ विकासबाट लाभ लिन सक्ने नसक्ने निर्धारण गर्ने प्रयास गर्नेछन् । यद्यपि यस चासोलाई माथि सन्दर्भित सम्मेलन बिना नै शिक्षकद्वारा कक्षाकोठाबाट विस्थापित गरिएको विद्यार्थीलाई कक्षाकोठामा फर्काउने कारणका रूपमा प्रयोग गरिनेछैन ।

खण्ड पाँच : निलम्बन र निष्कासन निषेध

५-१ साधारण

क. निलम्बन र निष्कासनको जोखिम भएका विद्यार्थीहरूलाई त्यस्ता अनुशासनात्मक उपायहरू आवश्यक हुनुभन्दा अगाडि पुनर्स्थापनात्मक वा उपचारात्मक हस्तक्षेपहरूजस्ता विकल्पहरू प्रयोग गरिनु पर्दछ ।

ख. प्रत्येक स्कूलको प्रिन्सिपलले वा प्रतिनिधिले निलम्बन वा निष्कासनको जोखिममा भएका विद्यार्थीहरू पहिचान गर्न व्यवसायिक स्टाफसँग कार्य गर्नेछन् । विद्यार्थीहरू मध्ये जोखिममा भएका विद्यार्थीहरू ती हुन् जो आदतन अटेरी वा आदतन बाधाकारी घोषणा भएका वा घोषणा गर्न लागिएका छन् ।

ग. जोखिममा भएका विद्यार्थीहरूलाई ती विद्यार्थीहरूका रूपमा परिभाषित गर्न सकिन्छ जसका पहिलेका व्यवहार-सम्बन्धी समस्याहरू छन् वा जसलाई बितेको क्यालेन्डर वर्षको कुनै पनि समयमा निलम्बित, निष्कासित, वा कक्षाकोठाबाट विस्थापित गरिएको छ ।

५-२ व्यवहार हस्तक्षेप योजना

क. निरन्तर आइरहने अनुशासनात्मक समयस्याहरूलाई निषेध गर्न वा सुधार्न व्यवहार हस्तक्षेप योजनाको प्रयोग सबल रूपमा प्रोत्साहित गरिन्छ । सो योजनाका लक्ष्यहरू भनेको विद्यार्थीको बाधाकारी व्यवहार र शैक्षिक आवश्यकतालाई सम्बोधन गर्नु, र स्कूलमा बच्चाको भर्ना कामय राख्ने कुराको महत्त्वमा जोड दिनु रहेका छन् ।

ख. यो योजना विकसित गर्नका लागि प्रिन्सिपल वा प्रतिनिधिले विद्यार्थी, विद्यार्थीको आमाबाबु/अभिभावक, र प्रिन्सिपल वा प्रतिनिधिले उपस्थित हुनुपर्छ भनी विश्वास गरेको कुनै स्टाफ सदस्यसँग बैठक आयोजना गर्नुपर्दछ । यस बैठकको लक्ष्य विद्यार्थीको बाधाकारी

व्यवहारका कारणहरूको सम्बोधन र संयुक्त रूपमा त्यस्तो व्यवहार परिमार्जन गर्न लक्ष्यहरू, उद्देश्यहरू र समयरेखाको स्थापना गर्नु हुनेछ।

ग. विद्यार्थीको बाधाकारी व्यवहार, शैक्षिक आवश्यकताहरू, र बच्चालाई स्कूलमा राख्न आवश्यक कदमहरू सम्बोधन गर्न एउटा लिखित योजना तयार गरिनेछ। योजना विकसित गर्दा कार्यात्मक व्यवहारात्मक एसेसमेन्टहरू (एट्याचमेन्ट डि हेर्नुहोस्) प्रोत्साहित गरिन्छ। योजनामा राम्रो व्यवहारका लागि पुरस्कार र योजनाको उल्लङ्घनमा बाधाकारी विद्यार्थी छ भने परिणामहरू सामेल हुनेछन्। व्यवहारात्मक योजनामा विद्यार्थीको भविष्यको निलम्बन र निष्कासन निषेध गर्न सहयोग गर्नका लागि स्कूलद्वारा प्रदान गरिने सहयोग र शैक्षिक सेवाहरूको व्याख्या सामेल हुनुपर्नेछ।

१. यी सेवाहरू प्रदान गर्नका लागि डिस्ट्रिक्टले विद्यार्थीको आमाबाबु वा अभिभावकसँग काम गर्नुपर्नेछ।

२. त्यस्ता सेवाहरू उपयुक्त स्थानीय सरकारी एजेन्सीहरू, समुदाय-आधारित सङ्गठनहरू, र उच्च शिक्षा संस्थाहरूसँग सहमतिमार्फत प्रदान गर्न सकिन्छ।

घ. करारको विकासमा आमाबाबु/अभिभावक र शिक्षक(हरू)को निवेश र संलग्नताका लागि हरेक प्रयास प्रदान गरिनेछ। सो योजनाको सूचना आमाबाबु/अभिभावकलाई उनले/उसले बुझ्ने भाषामा उपलब्ध गराइनेछ।

ङ. आमाबाबु/अभिभावक, विद्यार्थी, र प्रिन्सिपल वा प्रतिनिधिले सो करारमा सही गर्नुपर्नेछ।

च. विद्यार्थीलाई निलम्बन वा निष्कासन गर्ने कुनै कार्य गर्नु अगाडि सेवाहरूको योजना ठीक ठाउँमा भएको र कार्यान्वयन सुनिश्चित गर्न हरेक प्रयत्न गरिनेछ, त्यस्ता आकस्मिक स्थिति बाहेक जसमा स्कूल र यसका अकुप्यान्टहरूको सुरक्षा सुनिश्चित गर्न तुरुन्त अनुशासनात्मक कार्बाही आवश्यक हुन्छ।

५-३ बाध्यकारी व्यवहार हस्तक्षेप योजनाहरू

ए. त्यस्ता दुई स्थितिहरू छन् जसमा व्यवहार हस्तक्षेप योजना विकसित गरिनु पर्दछ : बाधाकारी भएको हुनाले विद्यार्थीलाई कक्षाकोठाबाट दुईपल्ट निष्कासित गरिएको छ; र जतिबेला विद्यार्थीले त्यस्तो निलम्बन प्राप्त गर्छ जसको गणना उसलाई "आदतन बाधाकारी विद्यार्थी" धोषणा तर्फ हुन्छ।

१. "आदतन बाधाकारी विद्यार्थी" बारे अधिक जानकारीका लागि खण्ड ६-७ हेर्नुहोस्।

खण्ड छ : निलम्बनहरू वा निष्कासनहरू

६-१ साधारण

क. निलम्बनहरू, स्कूल भित्रका र स्कूल बाहिरका दुवै, यस नीतिको खण्ड ३-१ अनुरूप मात्र दिइनु पर्दछ।

ख. कुनै विद्यार्थीलाई त्यस्तो व्यवहारका लागि निलम्बन गर्न जरूरी छैन जुन स्कूल सम्पत्ति बाहिर र स्कूल बाहिरको समयमा हुन्छ जबसम्म त्यस्तो व्यवहारले स्कूल वातावरणलाई गम्भीर रूपमा बाधा गर्छ वा बाधा गर्नेछ, वा अन्य विद्यार्थी वा स्कूल अधिकारीको कल्याण र सुरक्षालाई गम्भीर खतरा पुऱ्याउँछ। यस्ता स्थितिहरूमा, यस नीतिको खण्ड ३-१ मा दिइएका प्रावधानहरू पालना गरिनु पर्दछ।

ग. निलम्बित भएका विद्यार्थीहरूले निलम्बनको समयमा अतिरिक्त क्रियाकलापहरूमा वा स्कूल प्रायोजित आयोजनाहरूमा भाग नलिन सक्छन्। यद्यपि, राज्य एसेसमेन्टहरू लिइरहेका बेला निलम्बनमा परेका विद्यार्थीहरूलाई परीक्षा लिने अवसर प्रदान गरिनेछ र तत्सम्बन्धि परीक्षा तयारी क्रियाकलापहरूमा, स्कूल प्रिन्सिपल वा प्रतिनिधिको स्वीकृतिमा, भाग लिन अनुमति दिन सकिनेछ।

घ. निलम्बनका बेला स्कूलले विद्यार्थीलाई अन्य विद्यार्थी सरह समान ग्रेडहरू र क्रेडिट आर्जन र निलम्बनमा भएका बेला वा निलम्बन पूरा भएपछि परीक्षाहरू, अन्तिम परीक्षाहरू पूरा गर्ने क्षमता, कुनै जरिवाना बेगर कक्षाकार्य र गृहकार्य पूरा गर्ने अवसर प्रदान गर्नेछ। यो प्रावधानको मनसाय निलम्बनको अवधि सकिएपछि विद्यार्थीलाई शैक्षिक कार्यक्रममा पुर्नस्थापन हुने अवसर प्रदान गर्नु हो।

६-२ स्कूलभित्रका निलम्बनहरू

क. निरन्तर समस्याग्रस्त व्यवहार ढाँचा भएका विद्यार्थीहरूलाई शैक्षिक प्रक्रिया बाधा गर्न दिनु हुँदैन; तथापि स्कूलबाट निलम्भित भएका यी विद्यार्थीहरूले विद्यार्थीहरू, स्कूल, र समुदायका समस्याहरूलाई प्रायः बढाउँछन्। त्यसैले, डिस्ट्रिक्ट र शिक्षा बोर्डले स्कूलभित्रको निलम्बनको अवधारणा अवलम्बन गरेका हुन्।

ख. स्कूलभित्रको निलम्बनको उद्देश्य डिटेन्सन वा स्कूलबाहिरको निलम्बनभन्दा अनुशासनको बढी प्रभावकारी विधि प्रदान गर्नु हो। स्कूलभित्रको निलम्बनको प्रयोगद्वारा, विद्यार्थीहरू स्कूलमा दिइने कार्यमा पछि पर्नु हुँदैन तर पनि आफ्ना गलती र दुवर्यवहारबाट उनीहरूले सिक्नु पर्दछ। सबै स्कूलभित्रका निलम्बनहरू त्यस्तो तरिकाले लागू गरिन्छ जुन विद्यार्थीको यो र अन्य नीतिहरूमा रेखाङ्कित बाँकी प्रक्रिया अधिकारहरू समरूप हुन्छन्। निम्नलिखित मार्गदर्शनहरू अवलोकन गरिनेछन्।

१. उपलब्ध भएमा, विद्यार्थीहरूलाई विशेष कक्षामा राखिनेछ, जहाँ तिनीहरूलाई सधैं पर्याप्त मात्रामा सुपरिवेक्षण गरिनेछ। स्कूलभित्रको निलम्बन सुपरिवेक्षकले सबैं विद्यार्थीहरूसँग आफ्ना नियमित शिक्षकबाट कार्यहरु र सामग्रीहरू भएको हेर्नेछन्।

२. प्रिन्सिपल वा प्रतिनिधिले आमाबाबु/अभिभावकलाई उनीहरूको बच्चा स्कूलभित्रको निलम्बनमा भएको कुरा तुरून्तै टेलिफोनद्वारा भन्नुपर्नेछ। यदि आमाबाबु/अभिभावकलाई फोनबाट सम्पर्क गर्न सकिँदैन भने, वा यदि आमाबाबु/अभिभावकबाट अनुरोध भएको छ भने, आमाबाबु/अभिभावकले बुझ्ने भाषामा लिखित सूचना गरिनेछ। स्कूलभित्रको निलम्बनका लागि कारणहरू प्रदान गर्न सकिन्छ, र विद्यार्थीको स्कूलमा पुनःभर्ना अगाडि सम्मेलन तय गर्न सकिन्छ।

६-३ स्कूल बाहिरको निलम्बन

क. विद्यार्थीहरूलाई त्यतिबेला मात्र स्कूल बाहिरको निलम्बन गर्नु पर्दछ जब उनीहरूले तेस्रो, चौथो, पाँचौं वा छैठौं प्रकारको प्रहार गर्छन् (यस नीतिको खण्ड ३-१ हेर्नुहोस्) वा यदि उनीहरू अनुशासनात्मक सिँढीमा तह इ सम्म पुग्छन् (यस नीतिको खण्ड ३-२ हेर्नुहोस् )।

ख. एलिमेन्टरी स्कूलका विद्यार्थीहरूले पहिलो प्रकारका प्रहारहरूका लागि स्कूल बाहिरको निलम्बन प्राप्त गर्ने छैनन् (यस नीतिको ३-२ हेर्नुहोस्)।

६-४ स्कूल बाहिरको निलम्बनका लागि प्रक्रियाहरू

क. यस नीतिसँग समरूप हुने गरी शिक्षा बोर्डले प्रत्येक स्कूल प्रिन्सिपललाई, वा प्रिन्सिपलद्वारा लिखित रूपमा प्रतिनिधि तोकिएको व्यक्तिलाई, विद्यार्थीलाई स्कूल बाहिरको निलम्बन प्रदान गर्ने अख्तियारी प्रदान गर्दछ। यस अख्तियारीको प्रयोग गर्दा, प्रिन्सिपल वा प्रतिनिधिले बाँकी प्रक्रिया गर्नका लागि निर्देशित प्रक्रियाहरूको पालना गर्नुपर्दछ।

ख. विद्यार्थीलाई निलम्बन गर्नु अगाडि उसले प्रिन्सिपल वा प्रतिनिधिसँग अनौपचारिक सम्मेलनको अधिकार राख्दछ। त्यस्तो सम्मेलनमा विद्यार्थीलाई :

१. आमाबाबु वा अभिभावकलाई बोलाउन अनुमति दिनु पर्दछ, र उनीहरूलाई सम्मेलनमा उपस्थित हुन दिनु पर्दछ यदि उनीहरू युक्तिसङ्गत समयावधिमा समर्थ छन् भने।

२. ऊ वा उनी विरूद्ध लागेको चार्जहरू वा प्रमाणहरू बारे सूचीत गरिनुपर्दछ।

३. लिखित वा मौखिक रूपमा, चार्जहरू प्रति प्रतिक्रिया दिने र घटनाहरूको आफ्नो पक्ष प्रस्तुत गर्ने अवसर दिइनुपर्दछ ।

४. यदि लिखित वक्तव्य अनुरोध गरिएमा, सो बुझाउनु नपर्ने अधिकार बारे सूचीत गर्नु पर्दछ।

५. आफ्नो साक्षीलाई प्रिन्सिपल वा प्रतिनिधिद्वारा अन्तर्वार्ताको अधिकार सहित आफ्नो बचाऊमा प्रमाण प्रस्तुत गर्ने अवसर दिइनु पर्दछ।

ग. प्रिन्सिपल वा प्रिन्सिपलको प्रतिनिधिका लागि निलम्बनहरूको निर्धारण गर्नु अगाडि सबै ज्ञात साक्षीहरूको अन्तर्वार्ता लिनु र सबै प्रमाणहरूको समीक्षा गर्नु सबैभन्दा राम्रो अभ्यास हो।

घ. यदि अनौपचारिक सम्मेलन पछि, प्रिन्सिपल वा प्रतिनिधिले विद्यार्थीलाई स्कूल बाहिरको निलम्बन गर्छन् भने, स्कूलले आमाबाबु वा अभिभावकलाई फोनद्वारा सम्पर्क गर्ने युक्तिसङ्गत प्रयास गर्नु पर्दछ। स्कूलले आमाबाबु/अभिभावकले बुझ्ने भाषामा निलम्बनको लिखित सूचना पनि प्रदान गर्नु पर्दछ। मौखिक र लिखित दुवै सूचनाहरूले आमाबाबु/अभिभावकलाई विद्यार्थी निलम्बित भएको सूचीत गर्नु पर्दछ र सोमा निलम्बनका आधारहरू, अवधि सामेल हुनु पर्दछ, र सोले पुनर्नियुक्ति सँगसँगै वा पहिले प्रिन्सिपल वा प्रतिनिधिसँग आमाबाबु/अभिभावकको बैठकको समय र स्थान तय गर्ने अवसर प्रदान गर्नु पर्दछ। यसले निलम्बनका अवधिका बेला क्षति-पूर्ति कार्य प्रदान गरिने कुरा, र निलम्बन बिरूद्ध अपील गर्ने र सो कसरी गर्ने भन्ने कुराको अधिकार विद्यार्थीलाई रहेको कुराको कथन पनि हुनुपर्दछ।

ङ. यदि आकस्मिक रूपमा विद्यार्थीलाई स्कूलबाट विस्थापित गर्नु परे, विद्यार्थीको विस्थापन पछाडि छिटोभन्दा छिटो अनौपचारिक सुनुवाइ गरिनु पर्नेछ। यदि स्कूलबाट तुरुन्तै विस्थापन आवश्यक भए, स्कूलले आमाबाबु/अभिभावकलाई विद्यार्थीको संरक्षण हस्तान्तरण गर्ने अत्युत्तम उपाय निर्धारण गर्न तुरुन्तै आमाबाबु/अभिभावकलाई सूचीत गर्नु पर्नेछ।

च. यदि निलम्बनले विद्यार्थीलाई "आदतन बाधाकारी" घोषणा गर्ने तर्फ डोऱ्याउँछ भने, आमाबाबु/अभिभावक र विद्यार्थीलाई यस नीतिको खण्ड ६-७ मा छलफल गरे अनुसार लिखितमा सूचना प्रदान गरिनु पर्छ।

छ. कुनै पनि विद्यार्थीको निलम्बनबाट पुनर्नियुक्ति हुँदा, प्रिन्सिपल वा प्रतिनिधिले विद्यार्थीको आमाबाबु वा आधिकारिक अभिभावकलाई विद्यार्थीका लागि अगाडिका अनुशासनात्मक कार्बाहीहरू रोक्नका लागि विद्यार्थीको व्यवहार र व्यवहार हस्तक्षेप योजनाको सम्भावित आवश्यकता छलफल गर्नका लागि (खण्ड ५-२ तथा ५-३ मा छलफल गरे अनुसार) भेट्ने प्रयास गर्नु पर्दछ।

ज. तेस्रो प्रकारका प्रहारहरूका लागि(यस नीतिको खण्ड ३-१ हेर्नुहोस्), यदि विद्यार्थीको स्कूलमा उपस्थितिले स्कूल वा स्कूलमा रहेने अरूहरूलाई खतरा वा गम्भीर बाधा उत्पन्न गर्छ, वा विद्यार्थीको अगाडि अनुसन्धान गर्नका लागि अझ बढी समय आवश्यक छ भने, प्रिन्सिपललाई एक दिने स्कूलबाहिरको निलम्बनलाई खण्ड ३-१ मा उपलब्ध प्रावधान अनुसार जम्मा दुई दिन हुने गरी अधिकतम तीन दिनसम्म बढाउने विकल्प छ।

झ. चौथो प्रकारका प्रहारहरूका लागि( यस नीतिको खण्ड ३-१ हेर्नुहोस्), यदि निष्कासनका लागि सिफारिस गरिएको छ भने, वा यस नीतिको खण्ड ६-६ अनुसार सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिलाई निलम्बनको अवधि वृद्धि गर्न अनुरोध गरिएको छ भने, प्रिन्सिपललाई तीन दिने स्कूल बाहिरको निलम्बनलाई खण्ड ३-१ मा उपलब्ध प्रावधान अनुसार बढीमा दुई दिन वृद्धि गरी जम्मा पाँच दिन बनाउने विकल्प छ ,यदि यो स्कूलको सुरक्षाको लागि आवश्यक छ भने।

६-५ स्कूल बाहिरको निलम्बन अपील गर्ने अधिकारहरू

क. निलम्बनको सूचनामा विद्यार्थईलाई स्कूलबाहिरको निलम्बन विरूद्ध प्रिन्सिपल वा प्रतिनिधिलाई अपील गर्ने अधिकारको सूचना दिइनु पर्दछ।

ख. निलम्बन अपील प्रक्रियामा विद्यार्थीका निम्न अधिकारहरू रहेका छन्।

१. प्रिन्सिपल वा प्रतिनिधिसँग बैठक अनुरोघ गर्ने अधिकार। २. सो बैठकमा आफ्नो प्रतिनिधि (रिप्रेजेन्टेटिभ) लाई उपस्थित गर्ने अधिकार।

३.  विद्यार्थी, आमाबाबु/अभिभावक, र/वा प्रतिनिधिको सजायको प्रमाण र उपयुक्ततामा प्रिन्सिपल वा प्रतिनिधिलाई सम्बोधन गर्ने अधिकार ।
४.  निलम्बनका बारेमा असहमत विचार बुझाउने वा आमाबाबु, अभिभावक वा प्रतिनिधिद्वारा बुझाइमाग्ने र सोलाई विद्यार्थीको अनुशासनात्मक फाइलमा राख्न पाउने अधिकार ।
५.  निलम्बन निर्णयमा आधारित र प्रस्तुतिकरणका लागि युक्तिसङ्गत रुपमा उपलब्ध कुनै पनि प्रमाण समीक्षा गर्ने, वा आमाबाबु, अभिभावक वा प्रतिनिधिद्वारा समीक्षा गरिमाग्ने अधिकार । परिवार शिक्षा अधिकारहरू, गोपनियता अधिनियम उल्लङ्घन हुने वा व्यक्तिको सहमति वा अदालतको आज्ञा बिना डिस्ट्रिक्ट प्रमाण प्रस्तुत गर्न वाध्य हुनेछैन ।
ग. प्रिन्सिपल वा प्रतिनिधिले :
१.  सबै लिखित दस्तावेजहरूको समीक्षा गर्नेछन् ।
२.  निम्न कुरा प्राप्त गर्नका लागि पर्याप्त प्रमाण भए नभएको निर्धारण गर्नेछन् :
क.  कथित उल्लङ्घन भए नभएको, र
ख.  दिइएको सजाय उपयुक्त भए नभएको ।
३.  बैठकको पाँच दिन भित्रमा लिखित निर्णय प्रदान गर्ने ।
४.  यदि उल्लङ्घन नभएको निर्धारण भएमा, निलम्बन सम्बन्धित सबै स्कूल अभिलेखहरू विद्यार्थीको फाइलबाट हटाइनेछन्, र विद्यार्थीको सच्चाइएको फाइल विद्यार्थीको आमाबाबु वा अभिभावकलाई हुलाकद्वारा पठाइनेछ ।
५.  यदि सजाय उल्लङ्घन उपयुक्त नभएमा, सबै स्कूल अभिलेखहरूलाई प्रिन्सिपल वा प्रतिनिधिद्वारा लगाइएको घटाइएको सजायतिर निदेशित गर्न सङ्केत गर्ने गरी संसोधन गरिनेछ ।
घ. यदि प्रिन्सिपल वा प्रतिनिधिले अपील अस्वीकार गरेमा, विद्यार्थीले निलम्बनको दोस्रो अपील सुपरिन्टेन्डेन्ट प्रतिनिधि समक्ष गर्नेछन् ।
ङ.  दोस्रो अपील प्रक्रियामा विद्यार्थीका निम्न अधिकारहरू रहनेछन् :
१.  सुपरिटेन्डेन्ट प्रतिनिधिसँग बैठक अनुरोध गर्ने अधिकार ।
२.  प्रतिनिधिको उपस्थिति बैठकमा हुने अधिकार ।
३.  विद्यार्थी, आमाबाबु/अभिभावक, र/वा प्रतिनिधिको सजायको प्रमाण र उपयुक्ततामा सुपरिन्टेन्डेन्ट प्रतिनिधिलाई सम्बोधन गर्ने अधिकार ।
४.  निलम्बनका बारेमा असहमत विचार बुझाउने वा आमाबाबु, अभिभावक वा प्रतिनिधिद्वारा बुझाइमाग्ने अधिकार ।
च.  सुपरिटेन्डेन्टका प्रतिनिधिले :
१.  सबै लिखित दस्तावेजहरू समीक्षा गर्नेछन् ।
२  निम्न कुरा प्राप्त गर्नका लागि पर्याप्त प्रमाण भए नभएको निर्धारण गर्नेछन् ।
क.  कथित उल्लङ्घन भए नभएको, र
ख.  दिइएको सजाय उपयुक्त भए नभएको ।
३.  बैठको पाँच दिन भित्रमा लिखित निर्णय प्रदान गर्ने ।
४.  यदि उल्लङ्घन नभएको निर्धारण भएमा, निलम्बन सम्बन्धित सबै स्कूल अभिलेखहरू विद्यार्थीको फाइलबाट हटाइनेछन्, र विद्यार्थीको सच्चाइएको फाइल विद्यार्थीको आमाबाबु वा अभिभावकलाई हुलाकद्वारा पठाइनेछ ।
५.  यदि सजाय उल्लङ्घन उपयुक्त नभएमा, सबै स्कूल अभिलेखहरूलाई सुपरिन्टेन्डेन्ट प्रतिनिधिद्वारा लगाइएको घटाइएको सजायतिर निर्देशित सङ्केत गर्ने गरी संसोधन गरिनेछ ।

६-६ स्कूल बाहिरका निलम्बनहरूको वृद्धि

क.  शिक्षा बोर्डले प्रिन्सिपलको सिफारिसमा सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिलाई विद्यार्थीको स्कूल बाहिरको निलम्बन आवश्यकता अनुसार दश (१०) दिनसम्म बढाउने अख्तियारी प्रदान गर्नेछ । निलम्बनहरूको जम्मा अवधि पच्चीस दिन (२५) भन्दा बढी हुनेछैन ।
ख.  यदि विद्यार्थीले चौथो प्रकार वा पाँचौं प्रकारको प्रहार( यस नीतिको खण्ड ३-१ हेर्नुहोस्) गरेमा, विद्यार्थीको स्कूलमा उपस्थितिले स्कूल र स्कूलमा रहेकाहरूलाई खतरा वा गम्भीर बाधा उत्पन्न गरेमा, र घटनाको अगाडि अनुसन्धान गर्न अतिरिक्त समय आवश्यक छ वा विद्यार्थीलाई निष्कासन गर्न सुपरिटेन्डेन्ट वा प्रतिनिधिबाट सिफारिस भएमा मात्र निलम्बनलाई वृद्धि गरिनेछ ।
ग. यदि निलम्बनको वृद्धि सिफारिस गरिएमा, प्रिन्सिपल वा प्रतिनिधिले आमाबाबु/अभिभावकलाई तुरुन्तै टेलिफोनबाट सूचीत गर्ने युक्तिसङ्गत प्रयास गर्नु पर्नेछ र त्यसपछि आमाबाबु/अभिभावकले बुझ्ने भाषामा लिखित सूचना प्रेषित गर्नु पर्नेछ । यस मौखित र लिखित सूचना मार्फत, प्रिन्सिपल वा प्रतिनिधिले आमाबाबु/अभिभावकसँग सो वृद्धिको कारण व्याख्या गर्नका लागि सम्मेलन तय गर्ने प्रयास गर्नु पर्नेछ ।
घ. यदि निलम्बन जम्मा दश (१०) दिन वा बढी हुने गरी वृद्धि गरिएको भए, र निष्कासनका लागि सिफारिस नगरिएको भए, विद्यार्थीले यस नीतिको निम्नलिखित खण्ड ६-८ मा वर्णन गरिएको सुनुवाइको समान अधिकार प्राप्त गर्नेछन् ।
ङ.  यदि विद्यार्थीको निलम्बन दश (१०) भन्दा बढी समयका लागि वृद्धि गरिएको भए, विद्यार्थीलाई वैकल्पिक सिकाइ वातावरण उपलब्ध गराइनु पर्दछ, जसमा उसरउनले निलम्बनको अवधिमा अरू विद्यार्थी सरह समान ग्रेडहरू र क्रेडिटहरू आर्ज गर्ने अवसर पाउन् ।

६-७ आदतन बाधाकारी विद्यार्थीहरू

क.  "आदतन बाधाकारी विद्याथी" त्यस्तो बच्चा हो जसलाई प्रिन्सिपल वा प्रतिनिधिद्वारा एउटा स्कूल वर्षको अवधिमा तीन पल्ट कक्षाकोठामा, स्कूल परिसरमा, स्कूलका बाहनहरूमा, वा स्कूलका क्रियाकलापहरूमा वा प्रायोजित समारोहहरूमा बाधा उत्पन्न गरेबापत स्कूल बाहिरको निलम्बन गरेको छ।

ख.  आदतन बाधाकारी विद्यार्थी घोषणा हुने तर्फ गणना हुने उल्लङ्घनहरूका लागि, बाधाकारी व्यवहार सम्बोधन गर्नका लागि विद्यार्थीको तालिका परिवर्तन गर्ने नगर्ने बारेमा विचार गरिनेछ।

ग. विद्यार्थीलाई आदतन बाधाकारी घोषणा गर्ने तर्फ गणना गरिने प्रत्येक निलम्बनका लागि विद्यार्थी र आमाबाबु/अभिभावकलाई लिखित सूचना गरिनु पर्दछ। विद्यार्थी वा आमाबाबु/अभिभावकलाई लिखितमा र टेलिफोनबाट वा अन्य विधिबाट घरमा वा रोजगारीको स्थानमा "आदतन बाधाकारी विद्यार्थी" को आमाबाबु/अभिभावकको परिभाषा र त्यस्ता विद्यार्थीहरूलाई निष्कासन गर्न सिफारिस गर्ने विकल्प बारे सूचीत गरिनु पर्दछ। यस्तो लिखित सूचना आमाबाबु/आधिकारिक अभिभावकले बुझ्ने भाषामा प्रदान गरिनु पर्दछ।

६-८ निष्कासनका लागि प्रक्रियाहरू

क. शिक्षा बोर्डले सुपरिटेन्डेन्टलाई त्यस्तो विद्यार्थीलाई एक क्यालेन्डर वर्षसम्मको कुनै पनि अवधिका लागि निष्कासन गर्ने अख्तियारी प्रदान गर्दछ डिस्ट्रिक्टका पब्लिक स्कूलहरूमा भर्ना हुन वा निरन्तर उपस्थितिका लागि योग्य हुँदैन।

ख. निष्कासनका लागि प्रक्रियाहरू सुपरिटेन्डेन्ट वा प्रतिनिधिलाई स्कूल प्रिन्सिपलको सिफारिसद्वारा पहल गरिनेछ। प्रिन्सिपलले, त्यस्ता सिफारिसहरू गरेका बेला, विद्यार्थीलाई र विद्यार्थीको आमाबाबु/अभिभावकलाई सो सिफारिसको लिखित सूचना उनीहरूले बुझ्ने भाषामा दिनु पर्दछ। सो सूचनामा निम्न कुरा सामेल हुनु पर्दछ :

१. सिफारिस गरिएको कार्बाहीका कारणहरूको वक्तव्य।

२. विद्यार्थी वा आमाबाबु/अभिभावकले सूचनानको दश (१०) दिन भित्र छूट नगरेको बेलामा बाहेक निष्कासनको प्रश्नमा सुनुवाइ आयोजना गरिने कथन।

३. विद्यार्थी सुनुवाइमा प्रमाण सुन्न उपस्थित हुने, सान्दर्भिक प्रमाणहरू प्रस्तुत गर्ने अवसर प्राप्त गर्न सक्ने, र आमाबाबु/अभिभावक र छनोटको प्रतिनिधिद्वारा साथ दिइन सक्ने बारे कथन।

ग. विद्यार्थी वा आमाबाबु/अभिभावकले स्पष्ट रूपमा सुनुवाइको आफ्नो अधिकारको लागि छूट नगरेसम्म्, सुपरिटेन्डेन्ट वा प्रतिनिधिले कुनै पनि बच्चालाई त्यस्तो सुनुवाइ बिना निष्कासन गर्नेछैनन् जसमा बच्चाको तर्फबाट अभिभावक, एटर्नी वा आमाबाबु/अभिभावकको छनोटको एडभोकेटले प्रमाणहरू प्रस्तुत गर्नेछन्।

घ. सुनुवाइ त्यस्तो सुनुवाइ अधिकारीद्वारा आयोजना गरिनेछ, जो स्कूल, डिस्ट्रिक्ट वा शिक्षा बोर्डको वर्तमान कर्मचारी नहुन सक्छ। सुनुवाइमा, प्रमाण र सूचना शपथ खाएर प्रस्तुत गरिनेछ। प्रमाणका प्राविधिक नियमहरू लागू हुने छैनन्। विद्यार्थी, आमाबाबु/अभिभावक, वा प्रतिनिधिले जानकारी प्रस्तुत गर्ने व्यक्तिहरूलाई प्रश्न गर्न सक्नेछन्।

१.  विद्यार्थीको लिखित वक्तव्य प्रमाणका रूपमा प्रस्तुत गरिनेछैन, जबसम्म त्यस्तो वक्तव्यमा विद्यार्थीले सही गरेका बेला आमाबाबु/अभिभावक उपस्थित भएको हुँदैन, वा स्कूल अफिसियलहरूले विद्यार्थीले सो सही गरेका बेला आमाबाबु/अभिभावकको उपस्थितिका लागि युक्तिसङ्गत प्रयास गरेको हुँदैन।

२.  छैठौं तहको प्रहारका लागि, यदि सुनुवाइ अधिकारीले विद्यार्थीले स्कूल परिसरमा फायरआर्म बोकेको छ भनी निर्धारण गर्छन् भने, सिफारिस गरिएको परिणाम एक वर्षका लागि निष्कासन हुन सक्छ।

ङ. सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिले, सिफारिस गरिएको कार्बाही र सुनुवाइ अधिकारीको प्रतिवेदन पछि सिफारिस गरिएको निष्कासनमा कार्बाही गर्दछन्। सुनुवाइको पाँच (५) दिनभित्र, कार्बाही गरिएको सूचना दिने लिखित वक्तव्य विद्यार्थी र उस वा उनका आमाबाबुलाई जारी गरिनेछ। यदि सुपरिटेन्डेन्ट वा प्रतिनिधिले छैठौं तहको प्रहारका लागि दिइएको सजाय एक वर्ष अवधिको निष्कासनलाई योग्य हुँदैन भने, लिखित वक्तव्यमा अपवादका लागि कारण पनि उल्लेख हुनेछ। सो सूचना आमाबाबु/अभिभावकले बुझ्ने भाषामा हुनुपर्नेछ।

छ.  सुपरिटेन्डेन्ट वा प्रतिनिधिले विद्यार्थी र उस वा उनका आमाबाबु/अभिभावकलाई सो सूचना प्राप्तिको दश (१०) दिनभित्र सो निर्णय शिक्षा वोर्डमा अपिल गर्ने अधिकार बारे सूचीत गर्नेछन्। सो सूचना आमाबाबु/अभिभावकले बुझ्ने भाषामा हुनुपर्नेछ।

ज. यदि अपील समयमै अनुरोध गरिए, शिक्षा बोर्डले अभिलेख समीक्षा गर्नेछ र डिस्ट्रिक्टका प्रतिनिधिहरू र विद्यार्थीलाई शिक्षा बोर्डलाई वक्तव्य जारी गर्ने अवसर प्रदान गर्नेछ। शिक्षा बोर्डले :

१. निम्न कुरा प्राप्त गर्नका लागि पर्याप्त प्रमाण भए नभएको निर्धारण गर्नेछन्।

क.  कथित उल्लङ्घन भए नभएको, र

ख.  दिइएको सजाय उपयुक्त भए नभएको।

२.  बैठकको पाँच दिन भित्रमा लिखित निर्णय प्रदान गर्ने।

३.  यदि उल्लङ्घन नभएको निर्धारण भएमा, निलम्बन सम्बन्धित सबै स्कूल अभिलेखहरू विद्यार्थीको फाइलबाट हटाइनेछन्, र विद्यार्थीको सच्चाइएको फाइल विद्यार्थीको आमाबाबु वा अभिभावकलाई हुलाकद्वारा पठाइनेछ।

४.  यदि सजाय उल्लङ्घन उपयुक्त नभएमा, सबै स्कूल अभिलेखहरूलाई शिक्षा बोर्डद्वारा लगाइएको घटाइएको सजायतिर निर्देशित सङ्केत गर्ने गरी संसोधन गरिनेछ।

झ. प्रयेक निष्कासित विद्यार्थीको आमाबाबु/अभिभावकलाई निष्कासनको अवधिका बेला उपलब्ध शैक्षिक विकल्पहरू बारे जानकारी प्रदान गरिनेछ। यदि आमाबाबु/अभिभावकले घर-आधारित शैक्षिक कार्यक्रमको अपेक्षा गर्छन् भने, उपयुक्त ग्रेड तहको पाठ्यक्रमहरू उपलब्ध गराइनेछ।

खण्ड सात : वार्षिक समीक्षा र अनुशासन समितिहरू

७-१ वार्षिक समीक्षा र प्रतिवेदन

क. प्रयेक स्कूल र डिस्ट्रिक्ट दुवैले विद्यार्थीको जात, नश्लियता र लिङ्गबाट विविध भएको स्कूल अनुशासनात्मक तथ्याङ्कको प्रयोगद्वारा स्कूल अनुशासन योजनाको प्रभावकारिताको मूल्याङ्न र अनुगमन गर्नेछन्। यसले स्कूलहरू र डिस्ट्रिक्टलाई निम्न कुरा गर्न सक्षम तुल्याउनेछ : आवश्यकताका क्षेत्रहरू पहिचान गर्न; चासोका क्षेत्रहरू लक्षित गर्न; प्रोफेसनल (व्यावसायिक) विकास, सहयोगहरू, र सेवाहरू प्राप्त गर्न; र आवश्यकता अनुसार स्कूल प्रक्रियाहरू परिमार्जन गर्न।

ख. स्कूलहरूले वार्षिक रूपमा आफ्नो स्कूल वातावरण समीक्षा गर्नेछन् र निर्दिष्ट फाराममा लिखित रिपोर्ट शिक्षा बोर्ड, सुपरिटेन्डेन्ट, र डिस्ट्रिक्ट स्कूल सुधार र जबाफदेहिता परिषद्लाई बुझाउनेछन्; सो समीक्षामा आधारित रहेर स्कूलहरूले यस र अन्य नीतिहरूको मनसायसँग समरूप हुने गरी परिवर्तनहरू गर्नेछन्।

ग. समीक्षामा निम्न कुरा सामेल हुनेछन् :

१. हस्तक्षेप र रोकथाम रणनीतिहरू।

२. जात, नश्लियता, उमेर, ग्रेड, असक्तता, र जहाँ उपलब्ध छ विद्यार्थीहरूको लिङ्गले विविध भएको सिफारिसहरू, स्कूलभित्रका निलम्बनहरू, स्कूल बाहिरका निलम्बनहरू, निष्कासनहरू, टिकटहरू, र गिरफ्तारीहरूको सङ्ख्या।

३. स्टाफ सदस्यहरूबीच सिफारिसहरूमा फरक

४. यो नीतिको हद सबै विद्यार्थीहरूमा, अनुशासनात्मक कार्बाही सहित तर त्यतिमै सीमित नभएको, लागू हुनेछ।

घ. समीक्षामा आधारित रहेर, स्कूलहरूले यस र अन्य नीतिहरूको मनसायसँग समरूप हुनेगरी परिवर्तनहरू गर्नेछन्।

७-२ अनुशासन समितिहरू

क. स्कूल अनुशासन नीति र स्कूल वातावरण विकसित गर्न, अनुगमन गर्न र मूल्याङ्कन गर्नका लागि स्कूलहरूलाई स्कूल अधिकारी, अभिभावकहरू, र विद्यार्थीहरू सम्मिलित अनुशासन समिति स्थापना गर्न प्रोत्साहित गरिन्छ। यस प्रक्रियामा स्कूल अनुशासन तथ्याङ्कको प्रयोग सिफारिस गरिन्छ।

लागू भएको मिति
अक्टोबर १, १९९६
स्वीकृत सेप्टेम्बर १९, १९९६
परिमार्जित : अगस्ट २१, २००८
परिमार्जित : अक्टोबर १५, २००९
परिमार्जित : सेप्टेम्बर १५, २०११

कानूनी सन्दर्भहरू :
सि.आर.एस. २२-३२-१०९.१ (विद्यार्थी व्यवहार, सुरक्षा र कल्याणका साधारण नीतिहरू)
सि.आर.एस. २२-३२-१२६ (५) (अनुशासनात्मक जानकारीको खुलासा गर्ने)
सि.आर.एस. २२-३३-१०५ (निलम्बन, निष्कासन, भर्नाको अस्वीकृति)
सि.आर.एस. २२-३३-१०६ (निलम्बन, निष्कासन, र भर्नाको अस्वीकृतिका आधारहरू)
सि.आर.एस. २२-३३-१०६.३ (निष्कासन सुनुवाइमा प्रयोग गरिएका विद्यार्थी वक्तव्यहरू)
सि.आर.एस. २२-३३-२०२ (जोखिममा भएका विद्यार्थीहरूको पहिचान)
सि.आर.एस. १८-३-२०२ देखि २०४ (पहिलो, दोस्रो, र तेस्रो डिग्रीको आक्रमणका परिभाषाहरू)
सि.आर.एस. १८-८-७०४ देखि ७०६ (साक्षी अपमान र प्रत्याक्रमण)
सि.आर.एस. १९-३-३०४ (बाल दुवर्यवहार/बेवास्ता रिपोर्ट गर्ने व्यक्तिहरू)
सि.आर.एस. १९-१-१०३ (बाल दुर्व्यवहार)
सि.आर.एस. १६-२२-१०२ (गैरकानूनी यौनिक व्यवहार, गैरकानूनी यौनिक सम्पर्क, अश्लील प्रदर्शन)
परिवार शैक्षिक र गोपनियता अधिकारहरू (एफइआरपि) २० यु.एस.सि. १२३२जि (एच))